# नेपाल सरकार
# सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
(प्रेस तथा सूचना समन्वय शाखा)

सिंहदरबार, काठमाडौँ


## आर. टि.आई. अडिट सम्बन्धी
## प्रेस बिज्ञप्ती

आज मिति २०७५/०३/०६ गते सूचनाको हकसम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ ले नागरिकलाई प्रदान गरेको सूचनाको हकको प्रभावकारी प्रचलनका सम्बन्धमा आर.टि.आई. अडिट गर्न राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री यशोदा देवी तिम्सिनाज्यू, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव श्री महेन्द्रमान गुरुङ्गज्यू, मन्त्रालय मातहत निकायहरुका प्रमुख, सूचना अधिकारी, मन्त्रालयको महाशाखा तथा शाखा प्रमुखहरु समेतको उपस्थितिमा आर. टि. आई. अडिट सम्बन्धी कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका सूचना आयुक्त श्री यशोदा देवी तिम्सिनाज्यूबाट आवश्यक सुझाव र निर्देशन प्रदान भयो । साथै राष्ट्रिय सूचना आयोगबाट खटिईनु भएका आर.टि.आई. अडिट विज्ञ तथा सूचनाको हकका अभियन्ता श्री बबिता बस्नेतज्यूबाट मन्त्रालय र मातहतका निकायहरुबाट आर.टि.आई. सम्बन्धी हुने गरेका सूचनाहरु संकलन गर्ने कार्यका साथै ती निकायहरुका आर.टि.आई. सम्बन्धी हुने गरेका गतिविधि, जानकारी, समस्या तथा सुझावहरु आदान प्रदान गर्ने कार्यसमेत सम्पन्न भयो ।

**प्रवक्ता**

श्री वीरेन्द्र कुमार मिश्र

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय,

सिंहदरबार, काठमाण्डौ ।

मिति २०७५ हसार ०६ बुधबार ।